# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ४, अङ्क १०, २०७४ वैशाख, Year 4, Issue 10, May 2017


## राजस्व संकलन २० प्रतिशतले वृद्धि

आर्थिक वर्ष २०७३/०७४ वैशाख मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा २० प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७३/०७४ वैशाख महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व ७९ अर्व २८ करोड ४७ लाख ८७ हजार रहेकोमा रु. १ खर्व ८८ अर्व ८५ करोड ७६ लाख ८४ हजार संकलन भई लक्ष्यको तुलनामा

२०७३/०७४ वैशाख महिनासम्मको प्रगति (रु हजारमा)

| शीर्षक | वार्षिक लक्ष्य | २०७४ वैशाख महिनासम्मको | | प्रगति प्रतिशतमा | वृद्धिदर प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | | |
| आयकर | ११४१८९८३० | ८४५००४७४ | ९११९१३८९ | १०८ | १४ |
| वहालकर | ३७५२४१० | २३६४०२१ | ३००२३७१ | १२७ | २४ |
| व्याजकर | ९५८०१०० | ८१४३०८५ | ७६२३२७६ | ९४ | २१ |
| आयकर जम्मा | १२७५२२३४० | ९५००७५८० | १०१८१७०३६ | १०७ | १५ |
| मू.अ.कर | ५९३२८७५४ | ४८०५६२८९ | ४८३२२४११ | १०१ | २५ |
| अन्त:शुल्क | ४५०२५२३२ | ३४६६९४२९ | ३७२८५७१६ | १०८ | ३२ |
| शिक्षा सेवा शुल्क | ७५६२४८ | ६५०३७३ | ६४२८४० | ९९ | ३२ |
| स्वास्थ्य सेवा शुल्क | ९६८९४३ | ९०१११६ | ७८९६८१ | ८८ | २४ |
| जम्मा | २३३६०१५१७ | १७९२८४७८७ | १८८८५७६८४ | १०५ | २० |

१०५ प्रतिशतको प्रगति भएको छ भने गत वर्षको तुलनामा २० प्रतिशतले वृद्धि भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. १ खर्व १ अर्व ८१ करोड ७० लाख ३६ हजार, मूल्य अभिवृद्धि कर रु. ४८ अर्व ३२ करोड २४ लाख ११ हजार र अन्त:शुल्क तर्फ रु. ३७ अर्व २८ करोड ५७ लाख १६ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ आयकर, वहालकर, व्याजकर गरी १०७ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०१ प्रतिशत र अन्तशुल्क तर्फ १०८

बाँकी ६ पेजमा....

# रेकर्डिङ, रिपोर्टिङ र रिजल्टमा चनाखो बन्न महानिर्देशक शर्माको निर्देशन



कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशकहरु श्री चन्द्रकला पौडेल, श्री राजेन्द्रकुमार पौडेल, श्री धनीराम शर्मा र सूचना प्रविधि विज्ञ श्री प्रेमशरण श्रेष्ठ ।

काठमाडौं । वैशाख ८ गते आन्तरिक राजस्व विभागमा आयोजित मासिक समीक्षा कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले काठमाडौं उपत्यकाभित्रका सबै आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयका प्रमुखहरुलाई नयाँ वर्षको अवसरमा संस्थागत र व्यक्तिगत रुपमा शुभकामना दिनुहुँदै चैत महिनामा १ सय ५ प्रतिशत राजस्व संकलन भएकोमा कर्मचारीहरुलाई शुभकामना प्रदान गर्नुभयो ।

उहाँले सरकार बजेटको तयारीमा जुटिरहेको सन्दर्भमा कार्य सम्पादन सूचक सहितको कार्ययोजनाको तयारी गर्न निर्देशन दिनुभयो। कार्यालय समयभन्दा अतिरिक्त समय काम गरेर भएपनि लक्ष्य प्राप्ति गर्नुपर्ने जरुरी रहेको बताउनुभयो ।

यसअघि हामीले नयाँ करदाता दर्ता गर्ने सम्बन्धमा गरेको प्रतिवद्धता पूरा नभएको बताउनुहुँदै आन्तरिक राजस्व विभागले ननफाइलर रहने करदाता, कर नतिरी बक्यौता राख्ने तथा शून्य विवरण पेश गर्ने करदाताहरुको नामावली सहितको विवरण पत्रपत्रिकामा प्रकाशित गर्ने तयारीमा रहेको जानकारी दिनुभयो ।

समयमै कर भुक्तानी नगर्ने करदाताहरुको नाम सञ्चार माध्यममा प्रकाशित गरेमा करदाताहरु आफन्तका अगाडि लज्जित हुनुपर्ने अवस्था आउने भएकाले सो अवस्था आउन नदिन करदाताहरुले समयमै कर चुक्ता गर्ने महानिर्देशक

बाँकी ३ पेजमा....

## यसभित्र


संस्थागत अनुगमनमा महानिर्देशकको जोड — पृष्ठ ५

२०७४ वैशाख मसान्तसम्मको कार्यालयगत लक्ष्य र असुली — पृष्ठ ७

आन्तरिक राजस्व उपसमितिद्वारा अन्तिम प्रतिवेदन पेश — पृष्ठ ११



# महानिर्देशकको सन्देश

**स्थानीय तहको दोस्रो चरणको चुनावमा कार्यालयमा कार्यरत कर्मचारीहरू चुनावी कार्यमा संलग्न हुनुपर्ने अवस्थाले कार्यालयको काममा शिथिलता आउने हुँदा बाँकी लक्ष्यहरू पूरा गर्न थप मेहनत गर्नुपर्ने देखिन्छ । साथै राजस्वको हिस्सा बाँकी महिनामा बढी भएको हुदा कार्यालयका सम्पूर्ण कर्मचारी तथा कार्यलाई राजस्व असुली तर्फ उन्मुख हुने गरी परिचालित गर्नु पर्ने देखिन्छ ।**

आर्थिक वर्ष २०७३/०७४ वैशाख मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा २० प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७३/०७४ वैशाख महिनासम्मको राजस्व संकलनको लक्ष्य रू. १ खर्व ७९ अर्व २८ करोड ४७ लाख ८७ हजार रहेकोमा रू. १ खर्व ८८ अर्व ८५ करोड ७६ लाख ८४ हजार संकलन भई लक्ष्यको तुलनामा १०५ प्रतिशतको प्रगति भएको छ भने गत वर्षको तुलनामा २० प्रतिशतले वृद्धि भएको छ । शिर्षकगत रुपमा हेर्दा आयकर तर्फ रू. १ खर्व १ अर्व ८१ करोड ७० लाख ३६ हजार, मूल्य अभिवृद्धि कर रू. ४८ अर्व ३२ करोड २४ लाख ११ हजार र अन्त:शुल्क तर्फ रू. ३७ अर्व २८ करोड ५७ लाख १६ हजार संकलन भएको छ । सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ १०७ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ १०१ प्रतिशत र अन्तशुल्क तर्फ १०८ प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमश: रू. ६४ करोड २८ लाख ४० हजार र रू. ७८ करोड ९६ लाख ८१ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९९ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १५ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर २५ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ३२ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर २४ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ३२ प्रतिशत रहेको छ । २०७४ वैशाखसम्मको अवस्था हेर्दा विभागले लक्ष्यभन्दा बढी राजस्व असुली गरेको अवस्था छ ।

मूल्य अभिवृद्धि करलाई अर्थतन्त्रको मेरूदण्डको रूपमा विकसित गर्दै प्रमुख श्रोतका रूपमा विकास गर्ने नीति राज्यले परिलक्षित गरेको छ । मूल्य अभिवृद्धि करतर्फ कर सहभागिताको स्तर तथा राजस्वमा योगदान तुलनात्मक रूपमा प्रभावकारी देखिदैन । तसर्थ राजस्वमा मूल्य अभिवृद्धि करको योगदान बढाउनको लागि कर सहभागिताको स्तर बढाउन जरूरी छ । यसको लागि करदाता दर्ता, करदाता शिक्षा, बजार अनुगमन, दर्ता खारेजीसम्मका प्रकृयाहरूमा कर प्रशासनमा कार्यरत कर्मचारीहरूले नीतिगत, प्रकृयागत तथा व्यवहारिक समस्या र कमि कमजोरीहरू पहिल्याई सुधारका लागि आआफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउन आवश्यक छ ।

आर्थिक वर्षको बाँकी अवधि राजस्व संकलन तथा कार्यगत लक्ष्यहरू हासिल गर्ने कार्य चुनौतिपूर्ण रहेको छ । स्थानीय तहको दोस्रो चरणको चुनावमा कार्यालयमा कार्यरत कर्मचारीहरू चुनावी कार्यमा संलग्न हुनुपर्ने अवस्थाले कार्यालयको काममा शिथिलता आउने हुंदा बाँकी लक्ष्यहरू पूरा गर्न थप मेहनत गर्नुपर्ने देखिन्छ । साथै राजस्वको हिस्सा बाँकी महिनामा बढी भएको हुदा कार्यालयका सम्पूर्ण कर्मचारी तथा कार्यलाई राजस्व असुली तर्फ उन्मुख हुने गरी परिचालित गर्नु पर्ने देखिन्छ । साथै तोकिएको लक्ष्य पूरा गर्न राजस्व नीति तथा कार्यक्रम, व्यावसायिक कार्य योजना तथा कार्य सम्पादन सम्झौतामा उल्लेख भएका कार्यहरूको हालसम्म भए गरेको कार्यको प्रगति समीक्षा गर्दै बाँकी काम सम्पादन गर्न विशेष रणनीतिका साथ अगाडि बढ्नु पर्ने आवश्यकता छ । यसमा, सवै जना सक्रिय एवं लगनशील भई आआफ्नो क्षेत्रबाट कार्य गर्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

कर कानूनको कार्यान्वयन तथा पालना गर्दा गराउदा सेवाग्राही करदातासँग गर्ने व्यवहारमा हार्दिकता, सरलता, स्पष्टता, पारदर्शीता तथा सदाचारिता झल्किने गरी कार्य सम्पादन गर्नु हुन साथै संगठनको प्रतिष्ठा सधै उचो राख्ने व्यवहार प्रदर्शन गर्नुहुन सवैमा हार्दिक निवेदन गर्दछु ।

२०७४ वैशाख

**चुडामणि शर्मा**
महानिर्देशक

## रेकर्डिङ....

श्री शर्माको भनाई थियो । त्यस्तै कर असुली बढाउन अन्य कानुनी प्रक्रियाहरुलाई सँगसँगै सशक्त बनाउँदै लैजानुपर्ने उहाँको भनाई रहेको थियो । त्यस्तै करको दायरा बढाउन बजार अनुगमनलाई पनि सशक्त ढंगले संचालन गरिरहनुपर्नेमा उहाँको जोड रहेको थियो ।

उहाँले स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा कर्मचारीलाई निर्वाचनको काममा सरकारले खटाउने भएकाले तयारी अवस्थामा रहन पनि निर्देशन दिनुभयो । कर्मचारीलाई कुनै पनि वहानामा विदा नदिन निर्देशन दिनुहुँदै महानिर्देशक श्री शर्माले प्रोत्साहन भत्ताको सम्बन्धमा भत्ता प्राप्त गर्न हाजिरीको प्रमाण चाहिने भएकाले हरेक कार्यालयमा विद्युतीय हाजिरी समयमै शुरुवात गर्न निर्देशन दिनुभयो। कार्यालय प्रमुखको जिम्मेवारी र कर्तव्यको बारेमा पनि उहाँले सचेत गराउनुभयो ।

वैशाख महिनामा वेरुजु फर्योटका लागि थप मेहनत गर्नु आग्रह गर्नुभयो। ४० लाख भन्दा बढी आय गर्ने प्राकृतिक व्यक्तिलाई डे-४ विवरण भर्ने व्यवस्था भएकोले त्यस्ता व्यक्तिले बुझाउनु पर्ने विवरण यथा समयमा नबुझाए सजग गराउन पनि महानिर्देशक श्री शर्माले निर्देशन दिनुभयो ।

कार्यालयबाट अरु कार्यालयलाई पठाउनुपर्ने विवरण यथासमयमा पठाउने, कार्य सम्पादन सूचकलाई व्यवस्थित गर्न रेकर्डिङ, रिपोर्टिङ र रिजल्टको व्यवस्थापनमा चनाखो बन्नुपर्ने, विना रेकर्ड रिपोर्टिङ गर्न नहुने र कार्य योजनाको प्रगतिमा सधैं ध्यान दिईरहन पनि निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री चन्द्रकला पौडेलले चैत्र महिनामा लक्ष्य पूरा गरेकोमा बधाई दिनुहुँदै वैशाख र जेठमा बाँकी लक्ष्य पूरा गर्नु हुनेछ भन्ने अपेक्षा राख्नुभयो ।

कार्य सम्पादनका क्रममा देखिएका समस्या समाधानमा विभाग सधैं सकारात्मक रहेको बताउनुहुंदै मुद्दामा रहेका करदाताको लगत तयार गर्ने र समयमै जवाफ, कागजात न्यायिक निकायमा पठाउने तथा स्थानीय तहको निर्वाचनको समयमा अति जरुरी बाहेक कर्मचारीलाई विदा नछाड्न पनि उहाँले निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेलले जेठ १५ गते बजेट मार्फत् अन्तःशुल्कको दरमा समायोजन हुनसक्ने भएकाले अन्तःशुल्क जन्य



समीक्षा कार्यक्रममा आन्तरिक राजस्व विभागको काठमाडौंस्थित सवै कार्यालयका कार्यालय प्रमुखहरु

पदार्थमा लगाउने स्टीकरको माग बढ्न जाने हुंदा स्टीकर व्यवस्थापनमा चनाखो हुन तथा बजार अनुगमनलाई जोड दिन र बजारमा उत्पादित र उत्पादनको तयारीमा रहेका मदिराका सम्बन्धमा जानकारी राख्न कर प्रशासनका कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री धनीराम शर्माले स्वास्थ्य सेवा करमा लक्ष्यभन्दा कम राजस्व संकलन भइरहेको बताउनुहुँदै स्वास्थ्य क्षेत्र संभावना भएको क्षेत्र भएका कारण स्वास्थ्य सेवा कर असुलीमा ध्यान दिन निर्देशन दिनुभयो । स्वास्थ्य सेवा कर संकलन हुन सक्ने क्षेत्रलाई अनुगमन बढाई करको दायरामा ल्याउन जरुरी रहेको उहाँको जोड रहेको थियो । मूल्य अभिवृद्धि कर संकलनमा पर्यटन क्षेत्रमा कमजोरी देखिएको तथा अरु क्षेत्रमा २५-३० प्रतिशतको वृद्धि भईरहेकोमा पर्यटन क्षेत्रमा २ प्रतिशतको मात्र वृद्धि रहेकाले त्यसतर्फ ध्यान दिनुपर्ने उपमहानिर्देशक शर्माको भनाई थियो ।

सूचना प्रविधि विज्ञ श्री प्रेम शरण श्रेष्ठले राजस्व असुलीमा मोबाइल एसएमएस र मोबाइल एप्लिकेशनले सहयोग गर्ने बताउनुहुँदै करदाता शिक्षा, सचेतना कार्यक्रम जरुरी रहेको बताउनुभयो। सरकारी कार्यालय मध्ये आन्तरिक राजस्व विभाग सूचना प्रविधिमा अग्र स्थानमा रहेको बताउनुहुँदै तोकिएको लक्ष्य प्राप्तिमा सूचना प्रविधिको महत्वपूर्ण योगदान हुने उहाँको भनाई थियो ।

ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री बलराम रिज्यालले व्याजकरको लक्ष्य अत्याधिक भएकाले लक्ष्य पूरा नभएको बताउनुहुँदै अहिले व्याज बढ्दै जाँदा लक्ष्य पूरा हुने देखिएको भनाइ राख्नुभयो । उहाँले १८ वटा करदाताको बक्यौता ५ करोडभन्दा बढी रहेको समेत बताउनुभयो ।

आन्तरिक राजस्व विभागका निर्देशक श्री पुष्कर न्यौपानेले बक्यौता असुलीका लागि के गर्नु पर्ने हो ? समस्याहरु के हुन् स्पष्ट पार्न आग्रह गर्नुभयो । विभागको तथ्यांक फरक परेको सन्दर्भमा तथ्यांक सुधारमा जोड दिनुभयो ।

अन्तःशुल्क महाशाखाका निर्देशक श्री राजकुमार खतिवडाले बजेट आउन लागेको सन्दर्भमा धेरै अन्तःशुल्क जन्य पदार्थ स्टक राख्ने, धेरै उत्पादन गर्ने प्रवृत्तिले राजस्व लिकेज हुने संभावना अत्याधिक रहेकाले प्रभावकारी अनुगमन गर्नुपर्ने बताउनुभयो । उहाँले सुराकी पुरस्कार सम्बन्धमा अन्यौल रहेकोमा कार्यालयबाट कार्यक्रम खर्चबाटै वितरण गर्न सुझाव दिनुभयो ।

अनुगमन शाखाका निर्देशक श्री अर्जुनप्रसाद भट्टराईले समग्र प्रगति विवरण प्रस्तुत गर्नुहुँदै क्षेत्रगत रुपमा विश्लेषण गर्दा पर्यटन क्षेत्रको



मासिक समीक्षा कार्यक्रममा सहभागी कर्मचारीहरु

मूल्य अभिवृद्धि करको वृद्धिदर कमजोर देखिएको बताउनुहुँदै २०७१/७२ को तुलनामा ३ प्रतिशत मात्र वृद्धिदर भएकोले पर्यटन क्षेत्रमा अनुगमन बढाउन निर्देशन गरिएको बताउनुभयो । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार निक्षेपको वृद्धिदर ८ प्रतिशत, व्याज करको वृद्धिदर पनि ८ प्रतिशत रहनुले ठूला वित्तीय संस्थाहरुबाट आउनु पर्ने व्याज करमा ठूलो अन्तर नदेखिएको बताउनुभयो । सहकारी क्षेत्रको अनुगमन गर्न कार्यालयहरुलाई निर्देशन गरिएको बताउनुहुँदै सबै शिक्षण संस्था दायरामा आइसकेको तथा अहिले शिक्षण शुल्क र भर्ना शुल्कमा बढोत्तरी नभएकोले शिक्षा सेवा शुल्कको वृद्धिदर लक्ष्यभन्दा केही कम भएपनि सन्तोषजनक नै रहेको बताउनुभयो ।

उहाँले चार बर्षभन्दा अगाडिदेखि नै निरन्तर Non-filer रहेका करदाता १३.४० प्रतिशत रहेको बताउनुहुँदै कर बक्यौता नभएका र विभागमा उपलब्ध तथ्यांकबाट कुनै कारोवार नगरेका करदाताको दर्ता खारेज तत्कालै गर्नुपर्ने देखिएको बताउनुभयो । आगामी आर्थिक ऐन मार्फत् केही स्किम दिई दर्ता खारेजी प्रक्रिया शुरु गर्ने विभागीय सोच रहेको जानकारी दिनुहुँदै विभागको सूचना प्रविधि प्रणालीमा कारोवार गरेको देखिएको तर Non-Filer देखिएका ५६१ करदाताको कारोवार छानविनका लागि सम्बन्धित कार्यालयहरुमा लेखि पठाई सकिएकोमा त्यसको प्रगति प्राप्त हुन थालेको बताउनुभयो । शून्य विवरण दिने तर विभागीय तथ्यांकबाट कारोबार भएको हुनसक्ने सम्भावना भएका ३५६ करदाताको पहिचान गरी आवश्यक छानविन गर्न पठाईएको बताउनुहुँदै अन्तःशुल्क व्यवस्थापनमा स्वचालित प्रणाली विकास गर्न मदिरा, वियर, वाइन, चुरोट लगायतका सूर्तीजन्य तथा मदिराजन्य वस्तुमा लगाउदै आएको अन्तःशुल्क स्टिकरलाई प्रविधिमा आधारित अनुगमन र परीक्षण (Track and Trace) गर्न सक्ने प्रणालीको कार्यान्वयन प्रक्रिया अगाडि बढाउने सम्बन्धमा २ वटा कम्पनीहरुबाट Demonstration Class लिइएको र थप अध्ययन भैरहेको बताउनुभयो ।

निर्देशक श्री भट्टराईले विभागको हाल कार्यान्वयनमा रहेको पांच वर्षे रणनीतिक योजना र तीन बर्षीय सुधार योजनाले परिलक्षित गरेका मध्ये यस वर्षका लागि तोकिएका कार्यहरु क्रमशः सम्पादन गरिदै लगिएको, सबैका लागि स्थायी लेखा नंबर (PAN for All) भन्ने नारा सहित २०७४ असार सम्ममा थप तीन लाख करदाता थप गर्ने अभियान संचालनको लागि कार्यालयमा लक्ष तोकि मातहत सम्पूर्ण कार्यालयमा निर्देशन दिई अनुगमन भैरहेको, यस आ.व.को चैत्रसम्म १ लाख ६० हजार ४ सय ३८ करदाता दर्ता भईसकेको जानकारी समेत दिनुभयो। शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करलाई सूचना प्रविधिको मूल प्रणालीमा आबद्ध गर्न सफ्टवेयर विकास गर्ने कार्य सम्पन्न भई मूल प्रणालीमा आबद्ध गर्ने प्रक्रियामा रहेको बताउनुहुँदै मदिराको छुट्टै विक्री कक्षबाट निश्चित समय र निश्चित उमेर समूहका व्यक्तिलाई मात्र विक्री गर्ने व्यवस्थाको कार्यान्वयन गर्ने कार्यलाई प्रभावकारीरुपमा संचालन भैरहेको बताउनुभयो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौंको

### मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूल्य अभिवृद्धि कर सहितको प्राईस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेण्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग प्राईस, मेनु प्राईस र सेल्फप्राईस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# संस्थागत अनुगमनमा महानिर्देशक शर्माको जोड



मदिरा व्यवसायीहरुसंगको कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेल र मदिरा उत्पादक संघका अध्यक्ष श्री रवि केसी

काठमाडौं । आन्तरिक राजस्व विभागको सभा हलमा वैशाख १० गते अवैध मदिरा नियन्त्रण समन्वय समितिको वैठक सम्पन्न भएको छ । वैठकमा महानिर्देशक श्री चुडामणि शर्माले उत्पादन लागत भन्दा बजारमा कम मूल्यमा कसले बेच्यो ? ( उपस्थित व्यवसायीहरुले बजारमा उत्पादन लागतभन्दा पनि कम मूल्यमा मदिरा बिक्री भइरहेको सन्दर्भमा) आफैले आफैलाई सुधार गरे राम्रो हुन्छ भन्नुहुँदै सिध्याउने होइन, सकेसम्म सुधार गर्नुपर्छ भन्ने पक्षमा आफू रहेको बताउनुभयो ।

नैतिक कारवाही, भौतिक कारवाही, आर्थिक कारवाही भन्दा स्वनियम राम्रो हुने तर विभागको संस्थागत अनुगमन सुधार गर्नुपर्ने विषयमा जोड दिनुभयो । स्टिकरमा देखिएको समस्या नियतको समस्या भएको बताउनुहुँदै आफैले आफैलाई नियमन गरे राम्रो हुने उहाँको भनाई थियो । संस्थागत रुपमा मिलेर अनुगमन गर्न निर्देशन दिनुभयो । महानिर्देशक श्री शर्माले एकले विराउने सवैलाई पिराउने काम नहोस् भन्नुहुँदै जसले जुत्ता लगाउँछ उसलाई मात्र कहा विझ्छ भन्ने थाहा हुन्छ भन्नुभयो । करदाताको समृद्धि भए कर प्रशासनको पनि समृद्धि हुने बताउनुहुँदै जहाँ जहाँ कमजोरी भेटिन्छ, कैफियत भेटिन्छ त्यसलाई सुधार गर्दै लैजाने बताउनुभयो । मदिरा आफैमा हानिकारक नभई, उपभोग हानिकारक रहेको बताउनुभयो ।

उपमहानिर्देशक श्री राजेन्द्रकुमार पौडेलले स्टिकरको व्यवस्थापन चुनौतिपूर्ण रहेको बताउनुहुँदै कार्यालयका प्रमुखहरुलाई अनुगमन गराउन निर्देशन दिने बताउनुभयो । उपस्थित मदिरा व्यवसायीहरुलाई मदिरा उत्पादन गर्ने मेशिन पुरानो भएकाले जर्तिमा बढी खर्च हुने भएकाले उद्योगलाई सुधार गर्दै लैजान उहाँले निर्देशन दिनुभयो । श्री पौडेलले स्वास्थ्य मन्त्रालयले मानिसको स्वास्थ्यलाई ख्याल गरेर मदिरा उपभोग व्यवस्थापनका लागि मदिराको अन्तःशुल्कको वृद्धि गर्ने गरेको जानकारी दिनुभयो ।

मदिरा व्यवसायी रवि केसीले प्रत्येक वर्ष बजेटमा हुने अन्तःशुल्क वृद्धिदरले मदिरा उद्योग धराशायी भएको बताउनुभयो । उहाँले जायज उद्योगले भन्दा नाजायज उद्योगले फाइदा लिइरहेको बताउनुहुँदै एक हजार लगानी गरेर पनि रक्सी बन्ने र करोडौं लगानी गरेर पनि रक्सी बन्ने उहाँको भनाई थियो । उहाँले अनुगमन उद्योगमा भन्दा बजारमा बढाइदिन र नक्कली विलविजक हेरिदिन अनुरोध गर्नुभयो । मदिरा उद्योगलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन आफूहरु प्रतिवद्ध रहेको बताउँदै ४०-५० यूपिको मदिरामा समस्या नभएको तर ७० यूपिकोमा समस्या भएकाले अनुगमनलाई प्रभावकारी बनाउन सके राजस्व वृद्धि हुँने उहाँको भनाई थियो ।




मदिरा व्यवसायीसंग भएको कार्यक्रममा सहभागीहरु

उपस्थित मदिरा व्यवसायीहरुले वैध व्यवसायलाई प्रोत्साहन दिन तथा अनुगमनलाई वृद्धि गरिदिन आग्रह गरेका थिए । उनीहरुले राजधानीका नाकाहरुबाट विहान बेलुका अवैध रुपमा घर पालुवा मदिरा भित्रिने क्रम नरोकिएकोले त्यसलाई नियन्त्रण गर्न विभागको भूमिकाको अपेक्षा गरेका थिए ।

१ पेजेको बांकी...

प्रतिशत हो । त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ६४ करोड २८ लाख ४० हजार र रु. ७८ करोड ९६ लाख ८१ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ९९ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८८ प्रतिशत संकलन भएको छ। गत वर्षको तुलनामा आयकर वृद्धिदर १५ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर २५ प्रतिशत, अन्तशुल्कको वृद्धिदर ३२ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर २४ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ३२ प्रतिशत रहेको छ। २०७४ वैशाखसम्मको अवस्था हेर्दा यस विभागले लक्ष्यभन्दा बढी राजस्व असुली गरेको छ भने यस आर्थिक वर्ष २०७३/७४ को वार्षिक लक्ष्य २ खर्व ३३ अर्व ६० करोड १५ लाख १७ हजार समेत पूरा हुने गरी कार्य सम्पादन गरिएको छ।

**२०७३/७४ वैशाख महिनासम्मको प्रगति**




## २०७४ वैशाख मसान्तसम्मको कार्यालयगत लक्ष्य र असुली

रु हजारमा

| कार्यालय | लक्ष्य | असुली |
|---|---:|---:|
| भद्रपुर | १४०४९७२ | १४७८६४६ |
| विराटनगर | ३३९३८४१ | ३४४१७२५ |
| धरान | २०२१७६७ | २२६७०८५ |
| जनकपुर | १४९०५०० | १४९२२५९ |
| लहान | ११९८३२२ | १०१८८३३ |
| सिमरा | ५५६७७२३ | ५६७१६७२ |
| वीरगन्ज | ४३४०२३२ | ३७७४६९७ |
| हेटौंडा | २०८३००८ | १८२८४२८ |
| भरतपुर | ११२९२७६६ | १२८३४०९३ |
| धनगढी | १४५५३०५ | १५६०३१८ |
| महेन्द्रनगर | ६७५७६६ | ७४८७९९ |
| पोखरा | ५०६९०१६ | ५२३३९४९ |
| ललितपुर | ५८८५८३१ | ६५२६०५७ |
| भैरहवा | ५८१३३९४ | ५९०६७७३ |
| काठमाडौं क्षेत्र नं. ३ | ३३५३६६१ | २९३८०१६ |
| नेपालगन्ज | १८३०६६६ | २०५१३९७ |
| काठमाडौं क्षेत्र नं. १ | ४२२६९२५ | ४०२४१२५ |
| काठमाडौं क्षेत्र नं. २ | २३१०८२० | २६५५४५३ |
| भक्तपुर | २०६५११५ | २५१२८७६ |
| कृष्णनगर | ८७५०१३ | ८११४६५ |
| बुटवल | २९४७३६९ | ४१७४९०७ |

| | | |
|---|---|---|
| दाङ | ८२९४५० | ८६७५२६ |
| ठूला करदाता | ९३५९०५६८ | ९७२८७४९१ |
| करदाता सेवा कार्यालय, टंगाल | १३२९०७९ | १३७२३०३ |
| करदाता सेवा कार्यालय, महाराजगन्ज | १११०३१७ | १३१४२६८ |
| करदाता सेवा कार्यालय, बालाजु | २०५१९६८ | २२७८७३८ |
| करदाता सेवा कार्यालय, कलंकी | ७१७७४१ | ९३९२७० |
| करदाता सेवा कार्यालय, कालीमाटी | ९३२०५२ | १२५२४५७ |
| करदाता सेवा कार्यालय, पुतलीसडक | २४८८११७ | २५३६८२८ |
| करदाता सेवा कार्यालय, बानेश्वर | १३९४५२७ | १६६८२६७ |
| करदाता सेवा कार्यालय, बत्तीसपुतली | १२६४५७० | १५४६६५० |
| करदाता सेवा कार्यालय, चावहिल | ९४४९३८ | ११६९१८० |
| करदाता सेवा कार्यालय, कोटेश्वर | ७८०१७३ | ८४५५७७ |
| करदाता सेवा कार्यालय, त्रिपुरेश्वर | १२५५१७२ | १३०६२८६ |
| करदाता सेवा कार्यालय, नयां सडक | ८१८५४८ | ९५१३२८ |
| करदाता सेवा कार्यालय, ठमेल | ४७५५५५ | ५७२८७२ |
| जम्मा | १७९२८४७८७ | १८८८६०६१४ |

नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौंको

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ। साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ। तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ।

# आन्तरिक राजस्व उपसमितिद्वारा अन्तिम प्रतिवेदन पेश



आन्तरिक राजस्व उपसमितिको कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशकहरु श्री चन्द्रकला पौडेल, श्री राजेन्द्रकुमार पौडेल, श्री धनीराम शर्मा लगायत अन्य पदाधिकारीहरु

आर्थिक वर्ष २०७४/७५ को राजस्व नीति, तथा कार्यक्रम र बजेट तर्जुमाको लागि सुझाव पेश गर्न राजस्व परामर्श समिति अन्तर्गत गठित उपसमितिहरु मध्ये आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माको संयोजकत्वमा गठित आन्तरिक राजस्व उपसमितिद्वारा अन्तिम प्रतिवेदन पेश गरेको छ। आन्तरिक राजस्व उपसमितिको कार्यक्षेत्र अन्तर्गत आयकर, अन्तःशुल्क, मू.अ.कर तथा आर्थिक ऐन बमोजिम लगाइने अन्य करहरु र कर प्रणाली सुधारका विषयहरु रहेका थिए।

उपसमिति अन्तर्गत गठित पाँचवटै कार्यदलका संयोजकबाट प्रत्येक प्रतिवेदनका सुझावहरु दफावार प्रस्तुत गरिएको थियो। उपसमिति अन्तर्गत गठित पाँचवटै कार्यदलका संयोजकबाट प्राप्त सुझावहरु अर्थ मन्त्रालयबाट प्राप्त सुझावहरु, आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय, ठूला करदाता कार्यालयबाट प्राप्त सुझावहरु तथा अन्य निकाय/संस्थाबाट प्राप्त सुझावहरु समेटी अन्तिम प्रतिवेदन पेश भएको हो।

उपसमितिका लागि तोकिएको कार्यक्षेत्रको व्यापकता र छोटो समयावधिको कारणले उपसमितिबाट मात्र कार्य सम्पादन गर्दा समयमा नै तोकिएको कार्य सम्पन्न गर्ने कठिनाईलाई दृष्टिगत गरी पाँच वटा कार्यदल गठन गरिएको थियो। जसमा आयकर कार्यदल, मूल्य अभिवृद्धि कर कार्यदल, अन्तःशुल्क कार्यदल, कर प्रणाली सुधार कार्यदल, करदाता सेवा तथा सूचना प्रविधि कार्यदल रहेका थिए।

प्रतिवेदनमा आन्तरिक राजस्व विभाग तथा मातहतका कार्यालयहरुमा करदाताहरुको सहज तथा सरल पहुंचलाई प्रत्याभुत गर्न आन्तरिक राजस्व विभागको संगठन तथा व्यवस्थापन सर्भे (O&M) गरी भौगोलिक दृष्टिकोणले सहज पहुंच नभएका कार्यालयहरुको कार्यक्षेत्रलाई करदाताहरुको सहज पहुंच कायम हुने गरी फेर बदल गर्नुका साथै आर्थिक दृष्टिकोणले उदयमान क्षेत्रहरुमा थप आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय स्थापना गर्नुपर्ने उल्लेख गरिएको छ।

कार्यालयको कार्याधिकारको कारणले कार्यालय तथा सेवाग्राही करदाताहरुले भोग्नु परेको समस्याको समाधानको निमित्त बार्षिक मुद्रा स्फितीको दरलाई मध्यनजर गरी कार्यालयको कार्याधिकारको पुनरावलोकन गरी बार्षिक रु. ७५ करोड भन्दा बढी कारोबार गर्ने करदाताहरुलाई ठूला करदाता कार्यालय, रु. २५ देखि ७५ करोडको कारोबार गर्ने करदाताहरुलाई आन्तरिक राजस्व कार्यालय तथा रु. २५ करोड भन्दा कमको कारोबार गर्ने करदाताहरुलाई करदाता सेवा कार्यालय अन्तर्गत राख्नु पर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।

त्यस्तै सूचना प्रविधि मार्फत प्रवाह गरिने सेवाहरुमा एकरुपता तथा सूचना प्रविधिको प्रयोगलाई सरलीकृत गर्नको आन्तरिक राजस्व बिभागको प्रयोजनका लागि छुट्टै सूचना प्रविधि नीतिको निर्माण गरी प्रयोगमा ल्याउनु पर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ।

त्यसैगरी करदातालाई सरल र सहज रुपमा राजस्व भुक्तानी गर्न भुक्तानी प्रकृयामा क्रमशः सुधार गर्दै जानु पर्ने देखिन्छ। यसको लागि क्रमशः कार्यालयहरुमा बैंक काउण्टर स्थापना गर्ने, राजस्व भौचरलाई सरलीकृत गरी एउटै भौचरमा सबै शिर्षकका राजस्व उल्लेख गरी एउटै चेक मार्फत भुक्तानी गर्न सकिने गरी भौचरको बिकास गर्ने, भुक्तानी प्रणालीमा ABBS तथा e Payment System लागु गर्ने, साना करदाताहरुले Scratch Card, Mobile Banking जस्ता आधुनिक माध्यमबाट राजस्व दाखिला गर्न सक्ने गरी व्यवस्था गर्ने जस्ता उपायहरु अपनाउनु पर्ने उपसमितिले सुझाव पेश गरेको छ।

त्यस्तै करदाताहरुमा सूचना पहुंच स्थापना गर्न कार्यालयको कम्प्युटर प्रणालीमा रहेका करदाताका सूचनाहरुमा सम्बन्धित करदाताहरुलाई Read Only Access दिने यसबाट करदाताहरुलाई आफ्नो कर सम्बन्धी जानकारी आफ्नै कारोबार परिसरमा लिन सहज हुन्छ भने अर्कोतर्फ कार्यालयबाट पनि करदातालाई पुऱ्याउनु पर्ने सूचनाहरु समेत सोही माध्यमबाट करदाता समक्ष पुऱ्याउन सहज हुने सुझाव समेत छ।

त्यसैगरी कर प्रशासनलाई सूचनामा आधारित तथा गुणस्तरीय बनाउन आन्तरिक राजस्व बिभागको अन्य सम्बद्ध निकायहरु जस्तै अर्थमन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय, बाणिज्य बिभाग, उद्योग बिभाग, भंसार बिभाग, औषधि व्यवस्था बिभाग, नगर पालिका, गाउं पालिका, लगायत अन्य बिभागीय तथा स्थानीय स्तरका निकायहरुसंग रहेको सूचनालाई विद्युतीय संजाल निर्माण गरी प्रयोग गर्नुपर्ने राजस्व परामर्श समिति अन्तर्गतको आन्तरिक राजस्व उपसमितिले सुझाव पेश गरेको छ।



अन्तःशुल्क टिकटका आपूर्तिकर्ता इन्डोनेशियाका प्रतिनिधिसंग स्टिकरको सहज आपूर्तिका सम्बन्धमा भएको छलफलमा महानिर्देशक श्री चुडामणि शर्मा, उपमहानिर्देशकहरु श्री चन्द्रकला पौडेल, श्री राजेन्द्र कुमार पौडेललगायत विभागका अन्य प्रतिनिधिहरु ।

नेपाल सरकार
अर्थ मन्त्रालय

## आन्तरिक राजस्व विभाग

## मोबाइल एप सेवा संचालन सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले Android Platform मा आधारित मोबाइल एप संचालनमा ल्याएको छ। उक्त एसपको नाम IRD Nepal रहेको छ र Google play store मा गई एप डाउनलोड गरी प्रयोग गर्न सकिन्छ। मोबाइल एपमा विभागको सूचना, प्रकाशन, ऐन नियम, कर क्याल्कुलेटर, सम्पर्क लगायतका विवरण उपलब्ध हुनुका साथै तपशील बमोजिमका सेवाहरु प्राप्त गर्न सकिन्छ।

| S. No. | Service | Response | Remarks |
|---|---|---|---|
| 1 | Registration Details (PAN) | Basic PAN Details. | Publicly Available |
| 2 | Estimate Return Status (Fiscal Year, Period) | Status of estimated return. | From Taxpayer Login |
| 3 | IT Return Status(Fiscal Year) | Status of IT Return of that fiscal year. | |
| 4 | VAT Return Status(Fiscal Year, Period) | Status of VAT return of that filling period. | |
| 5 | Excise Return Status (Fiscal Year, Period) | Status of Excise return of that filling period. | |
| 6 | Voucher Search(Voucher No, Fiscal Year) | Voucher details. | |
| 7 | Arrear | Remaining outstanding of taxpayer under VAT, IT and Excise. | |
| 8 | TDS Details | Witholdee TDS details. | From TDS Witholdee Login |
| 9 | Push Message | Tax Return Reminder Notification | Publicly Available |

# Internet बाट TDS भर्नको लागि तलका चरणहरु प्रयोग गर्नुपर्ने हुन्छ

Step- 1 आन्तरिक राजस्व विभागको वेभ साटइ www.ird.gov.np मा गएर Taxpayer Portal मा click गर्नुहोस् ।

Step- 2 E-TDS मा Click गर्नुहोस ।

Step-3 सब्मिशन नं. लिने फारम भन्ने बटममा Click गर्नुहोस ।

Step-4 सब्मिशन नम्बर लिने फारममा प्रयोगकर्ताको नाम, पासवर्ड, पुनः पासवर्ड, आफ्नो संस्था (रोजगारदाता) को स्था.ले.नं. प्रविष्टि गर्नुहोस । यदि आफ्नो संस्थाको Withholder Pan No नभएमा Withholder name मा आफ्नो संस्थानको नाम entry गर्नुहोस् । IRO Name मा सम्बन्धित कार्यालयको नाम छान्नुहोस् । यसका साथै इमेल, फोन नं., ठेगाना, भौचर मिति तथा कुन मिति देखि कुन मिति सम्मको अग्रिम कर हो सो को मिति प्रविष्टि गरी Register मा Click गर्नुहोस

Step-5 त्यसपछि Registration मा Click गरेर Transaction Number पाउनु हुन्छ । तपाई सफलतापूर्वक रजिष्टर हुनु भयो भनी सब्मिशन नं., प्रयोगकर्ताको नाम, विथहोल्डरको नाम लगायत अघि फारममा भरिएको विवरण स्क्रिनमा देखिन्छ । सब्मिशन नं., प्रयोगकर्ताको नाम र पासवर्ड टिप्नुहोस ।

Step-6 ट्रान्ज्याक्सन button मा click गर्नुहोस । सबै विवरण भरेर प्रत्येक रिकर्ड समाप्त भएपछि Add गर्दै जानुहोस् । प्यान नभएमा Name मा कट्टी हुने व्यक्तिको नाम राख्दै जानुहोस् । धेरै व्यक्तिको रेकर्ड एकैचोटी अपलोड गर्न दिइएको नमुना अनुसार Exel file मा डाटा बनाई अपलोड गर्नुहोस् ।

Step-7 ट्रान्ज्याक्सन सम्बन्धी सम्पूर्ण विवरण प्रविष्टि गरि सकेपछि Save गर्दै जानु पर्छ । एक पटक Log out भै सकेपछि Save गरिएको विवरण मात्र पुनः आफैले हेर्न वा थपघट गर्न सकिन्छ । Save गरिएको विवरण पुनः हेर्न वा संशोधनको लागि Withholder Log in मा गएर Withholder User र Password प्रयोग गर्नुपर्ने हुन्छ ।

Step- 8 ट्रान्ज्याक्सन सम्बन्धी सम्पूर्ण प्रविष्टि गरी सके पछि स्क्रिनको माथिल्लो भागमा भौचर भर्ने फारम भन्ने बटममा Click गर्नुहोस । भौचर सम्बन्धी विवरण भर्ने फारममा राजस्व शिर्षक नं., भौचर नं., तिरेको प्रकार (नगद, बैंक), रकम दाखिला मिति, आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको नाम (जुन कार्यालय अन्तर्गको बैंक खातामा रकम जम्मा गर्नुभएको छ), बैकको शाखा र टि.डि.एस. रकम प्रविष्टि गरी प्रत्येक रेकर्ड समाप्त भएपछि ब्मम बटममा Click गर्दै जानुहोस ।

Step-9 भरेको विवरण ठीक छ छैन हेर्नको लागि Print Preview मा Click गर्नुहोस ।

Step-10 प्रविष्टि भएका विवरणहरु गलत भएमा Edit Button ( )मा Click गरी संशोधन गरी Update Button मा Click गरी पुनः सम्पादन गर्नुहोस् ।

Step-11 सम्पूर्ण विवरण प्रविष्टि गरि सकेपछि विवरण सही छ भने Submit button मा Click गर्नुहोस् । यसरी Submit गरि सकेको विवरण Withholder User र Password बाट पुनः संशोधन गर्न सकिदैन ।

Step-12 प्रविष्टि गरिएका सवै विवरण ठीक भएमा दुई प्रति प्रिन्ट गरेर सम्बन्धित कम्पनीको आधिकारिक व्यक्तिको हस्ताक्षर र कम्पनीको छाप लगाई सम्बन्धित भौचरको छायाँ प्रति समेत संलग्न गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा एक प्रति Verify का लागि पेश गर्नुहोस् र अर्को प्रति आफ्नो कम्पनीमा राख्नुहोस् ।

## व्यक्तिको आफ्नो कर कट्टि (e-TDS) विवरण Internet बाट हेर्ने तरिका

आफ्नो नाममा कुनै कम्पनी वा कार्यालयले काटेको कर कट्टी रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरे नगरेको सजिलैसँग घरबाटै Internet बाट निम्न बमोजिम हेर्न सकिन्छ । यसरी विवरण हेर्नलाई व्यक्तिको प्यान नं. लिएको र कम्पनीले सो रकम e-TDS विवरण भरि Verify गरेको हुनुपर्दछ ।

- आन्तरिक राजस्व कार्यालयबाट Username र Password लिनुहोस् ।
- आन्तरिक राजस्व विभागको वेभ साइटमा गएर Taxpayer Portal मा गई e-TDS मा Click गर्नुहोस् ।
- Withholdee login मा Click गर्नुहोस् ।
- PAN, Username र Password राख्नुहोस् ।
- कर कट्टी भएको अवधि Entry गर्नुहोस् ।
- तपाइको विवरण हेर्न वा छाप्न सकिन्छ ।

आन्तरिक राजस्व विभाग
Inland Revenue Department
करदाताको सेवामा समर्पित
गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर
Toll Free NO: 16600140000

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## रोजगारी (पारिश्रमिक) आयको कर गणनाको सूचना

आयकर नियमावली २०५९ को नियम २३ बमोजिम निर्धारणयोग्य आय आर्जन गर्न चाहने जुनसुकै व्यक्तिले त्यस्तो आय आर्जन गर्नु अगावै स्थायी लेखा नम्बर प्राप्त गरिसक्नुपर्ने प्रावधान रहेको हुँदा रोजगारीको आय प्राप्त गर्नु हुने सवै व्यक्तिले स्थायी लेखा नम्बर लिनु हुन र पारिश्रमिक भुक्तानीमा आयकर ऐन, २०५८ अनुसूची १ को दफा १ बमोजिम निम्नानुसार कर गणना गर्दा हुन आउने वार्षिक कर रकमलाई मासिक रुपमा विभाजन गरी पारिश्रमिक भुक्तानीको समयमा कट्टी गरी समयमै दाखिला गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कर गणना गर्ने तरिका

| बासिन्दा प्राकृतिक व्यक्ति (एकलका लागि) | बासिन्दा प्राकृतिक व्यक्ति (दम्पतीको लागि) |
|---|---|
| १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. तीन लाख पचास हजार रुपैयासम्म एक प्रतिशत । | १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. चार लाखसम्म एक प्रतिशत । |
| २. वार्षिक तीन लाख पचास हजार रुपैया भन्दा बढी तर चार लाख पचास हजार रुपैयासम्मको हकमा पन्ध्र प्रतिशत । | २. वार्षिक चार लाख रुपैया भन्दा बढी तर पांच लाख रुपैयासम्मको हकमा पन्ध्र प्रतिशत । |
| ३. वार्षिक चार लाख पचास हजार रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशत । | ३. वार्षिक पांच लाख रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशत । |
| ४. वार्षिक पच्चीस लाख रुपैया भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस लाख रुपैया सम्मका लागि माथि बुंदा ३ मा उल्लेख भएबमोजिम र सो भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस प्रतिशतका दरले हुने रकम र सो रकममा थप चालीस प्रतिशतका दरले अतिरिक्त कर लाग्ने । | ४. वार्षिक पच्चीस लाख रुपैया भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस लाख रुपैया सम्मका लागि माथि बुंदा ३ मा उल्लेख भएबमोजिम र सो भन्दा बढीको करयोग्य आय हुनेको हकमा पच्चीस प्रतिशतका दरले हुने रकम र सो रकममा थप चालीस प्रतिशतका दरले अतिरिक्त कर लाग्ने । |

### द्रष्टव्य : वार्षिक रु. एक करोड आय प्राप्त हुने व्यक्तिको कर गणनाको उदाहरण

| बासिन्दा प्राकृतिक व्यक्ति (एकलका लागि) | बासिन्दा प्राकृतिक व्यक्ति (दम्पतीको लागि) |
|---|---|
| १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. तीन लाख पचास हजार रुपैयासम्म एक प्रतिशतका दरले कर लाग्ने रु......... ३५००। | १. वार्षिक रोजगारीको करयोग्य आयको पहिलो रु. चार लाखसम्म एक प्रतिशतका दरले कर लाग्ने रु....... ४०००। |
| २. वार्षिक तीन लाख पचास हजार रुपैया भन्दा बढी तर चार लाख पचास हजार रुपैयासम्मको हकमा पन्ध्र प्रतिशतका दरले कर लाग्ने रु....... १५०००। | २. वार्षिक चार लाख रुपैया भन्दा बढी तर पांच लाख रुपैयासम्मको हकमा पन्ध्र प्रतिशतका दरले कर लाग्ने रु........ १५०००। |
| ३. वार्षिक चार लाख पचास हजार रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशतका दरले कर लाग्ने रु........ ५,१२,५००। | ३. वार्षिक पाच लाख रुपैया भन्दा बढी तर पच्चीस लाख रुपैयासम्मको हकमा पच्चीस प्रतिशतका दरले कर लाग्ने रु......... ५,००,०००। |
| ४. पच्चीसलाख रुपैया भन्दा वढिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु........ १८,७५,०००। | ४. पच्चीसलाख रुपैया भन्दा वढिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु........ १८,७५,०००। |
| ५. आयकर ऐन २०५८ को अनुसुचि १ को दफा १(घ) वमोजिम पच्चीसलाख माथिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु अठार लाख पचहत्तर हजारको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर रु ....... ७,५०,०००। | ५. आयकर ऐन २०५८ को अनुसुचि १ को दफा १(घ) वमोजिम पच्चीसलाख माथिको रु पचहत्तर लाखमा पच्चीस प्रतिशतले हुने रु अठारलाख पचहत्तर हजारको थप चालिस प्रतिशतले हुने अतिरिक्त कर रु ........ ७,५०,०००। |
| जम्मा कर रु....... ३१,५६,०००। | जम्मा कर रु....... ३१,४४,००० |

छुट हुने रकमहरु

१. पारिश्रमिक आय हुने व्यक्तिलाई दुर्गम भत्ता वापत आयकर नियमावली २०५९ को नियम ३८ बमोजिम "क" वर्गका क्षेत्रमा रु. ५० हजार रुपैयां "ख" वर्गमा रु. ४० हजार रुपैयां "ग" वर्गका क्षेत्रमा रु. ३० हजार, "घ" वर्गका क्षेत्रमा रु. २० हजार र "ङ" वर्गका क्षेत्रमाः रु. १) हजार रुपैयाँ थप वार्षिक करयोग्य आयमा कर छुट हुने ।

२. नेपाल सरकारका विदेश स्थित कुटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाई वांकी आयमा करको गणना गर्नुपर्ने।

३. बासिन्दा प्राकृतिक व्यक्तिको निवृत्तभरण आयको हकमा करछुट हुने रकमको सीमामा २५ प्रतिशत रकम (हाल ३ लाखको २५ प्रतिशतले ७५ हजार) गरी रु ३ लाख र ७५ हजार छुट गरी वाँकी आयमा करको गणना गर्नुपर्ने। तर निवृत्तभरण वापतको आयमा कर गणना गर्ने तरिका को सि.नं. १ अनुसारको एक प्रतिशत कर लाग्ने छैन ।

४. अवकास योगदान गर्दा तीन लाख रुपैया वा निर्धारणयोग्य आयको एक तिहाई मध्ये जुन घटी छ सोही रकम आफ्नो करयोग्य आयवाट घटाउन पाउने । जस्तै माथिको वार्षिक आय रु १ करोडमा एक तिहाई रकम रु ३३ लाख ३३ हजार ३ सय ३३ मात्र हुन्छ । तर तीन लाख रुपैया वा एक तिहाई जुन घटी हुन्छ सोही रकम करयोग्य आयवाट घटाउन पाउने भएकोले तीन लाख करयोग्य आयवाट घटाउन पाउने ।

५. अपांग बासिन्दा प्राकृतिक व्यक्ति वा दम्पतिको हकमा कर छुट हुने आयमा ५० प्रतिशत रकम थप गरि करयोग्य आयबाट घटाई करको गणना गर्नुपर्ने । जस्तै माथिको वार्षिक आय रु १ करोड हुने अपांग व्यक्ति वा दम्पत्ति भएमा प्राकृतिक व्यक्तिको हकमा पहिलो २,५०,००० मा १ प्रतिशत कर लाग्ने र २५०००० को पचास प्रतिशत रु १,२५,००० मा कर छुट हुने । त्यस्तै दम्पत्तिको हकमा पहिलो तिन लाखमा १ प्रतिशत कर लाग्ने र सो को पचास प्रतिशत रु १,५०,००० मा कर छुट हुने ।

६. पारिश्रमिक आय मात्र भएको बासिन्दा प्राकृतिक व्यक्ति महिला भएमा कुल कर रकममा १० प्रतिशत छुट हुने। जस्तै माथिको आयमा करको गणना गर्दाको कर रु ३१,८०,००० मा १० प्रतिशत रु ३,१८,००० छुट हुंदा वाँकी रु २८,६२,००० मात्र दाखिला गर्नुपर्ने। तर महिलाले दम्पत्ती छनोट गरेको रहेछ भने सो १० प्रतिशत छुट नपाउने।

७. लगानी वीमा प्रिमियम कट्टी वार्षिक वीमा प्रिमियम वा बीस हजार रुपैयांमा जुन घटी हुन्छ सोही रकम करयोग्य आयवाट घटाई करको गणना गर्नुपर्ने ।

८. बासिन्दा बीमा कम्पनीसंग स्वास्थ्य बमिा गरेको रहेछ भने सो बापत भुक्तानी गरेको बार्षिक प्रिमियम वा बीस हजार रुपैयांमा जुन घटी हुन्छ सो रकम करयोग्य आयबाट घटाई बांकी रहने रकममा मात्र करको गणना गर्नुपर्ने ।

९. औषधी उपचार वापत रु ७५० मात्र कर मिलान गर्न सकिने छ ।

१०. कुनै एक व्यक्तिले एक भन्दा बढी सुविधा पाउने भएमा अधिकतम सुविधाको कुनै एक जस्तो महिला, अपांग छ भने महिला वा अपांग कुनै एकको सुविधा छनौट गरी छुट लिन पाउने छ ।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभाग

# एस.एम.एस. सेवा शुरु भएको सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागले संचालनमा ल्याएको एस.एम.एस. प्रणालीबाट तपशील बमोजिमका सेवाहरु प्रदान गरिएका छन् । Registration info र Help बाहेक अन्य सेवाहरु सम्बन्धीत स्थायी लेखा नम्बरको एकीकृत कर प्रणालीमा रहेको मोबाइल नम्बरबाट मात्र उपलब्ध हुने व्यवस्था गरिएको छ ।

**तपशील**

| S.N. | Service Name | Method | Response |
|---|---|---|---|
| 1 | Registration Info (Available to public) | Type REG PAN and SMS to 32024(E.g. REG 304567895) | ABC Company Pvt. Ltd IT Reg: 2064.09.08 VAT Reg: 2064.09.08 |
| 2 | Estimate Return Status | Type EST PAN FiscalYear and SMS to 32024 (eg. EST 304567895 2071.072) | Estimated Returns For Period 2071.072 is Submitted. |
| 3 | IT Return Status | Type RETIT PAN FiscalYear and SMS to 32024(e.g. RETIT 304567895 2071.072) | IT Returns For FY 2071.072 Has Been Submitted. |
| 4 | VAT Return Status | type RETVAT PAN TaxYear PeriodType Period and SMS to 32024(e.g. RETVAT 304567895 2073 M 1) | VAT Returns For Period 2071 M 1Has Been Submitted. |
| 5 | Excise Return Status | type RETEX PAN TaxYear PeriodType Period and SMS to 32024 (e.g. RETEX 304567895 2071 M 1) | Excise Returns For Period 2071 M 1 Is Not Submitted Yet. |
| 6 | Payment | type PMT PAN VoucherNo and SMS to 32024 (e.g PMT 304567895 249561) | Date:2073.06.01 Amount:10000.00 Payment for: VAT |
| 7 | Arrear | type ARR PAN and SMS to 32024(e.g. ARR 304567895 ) | Excise: 0 IncomeTax: 10000 VAT: 5000 |
| 8 | Help | Type HELP and SMS to 32024 | Reg - Registration Retit - Income Tax Return Retvat - Vat Return PMT - Voucher Payment Arr - Arrear Est - Estimated Return |

**पुनश्च:** हाललाई एस.एम.एस. सेवा नेपाल टेलिकमका प्रयोगकर्ताहरुले प्रयोग गर्न सक्नेछन् ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
चुडामणि शर्मा

**संयोजन**
दीपक अधिकारी

**सल्लाहकार**
चन्द्रकला पौडेल
धनिराम शर्मा
राजेन्द्रकुमार पौडेल
प्रेमशरण श्रेष्ठ

**सम्पादन समूह**
देवनारायण पौडेल
शिवलाल तिवारी
विनया पोखरेल
अर्जुनप्रसाद भट्टराई
उमेशराज रिमाल